# आर्थिक अध्यादेश २०७०/०७१

## अनुसूची - ३

## सडक निर्माण तथा सम्भार दस्तुर र सवारी साधन कर

| | |
|---|---|
| (क) सडक निर्माण तथा सम्भार दस्तुर | |
| १. देहायका सवारी साधन दर्ताका बखत देहाय बमोजिमको सडक निर्माण तथा सम्भार दस्तुर लाग्नेछ :- | |
| सवारी साधनको किसिम | दस्तुर |
| (क) कार, जीप, भ्यान, माइक्रोबस, बस, ट्रक, ट्रिपर, ट्रकमिक्सचर, मिनीबस, मिनीट्रक, मिनीटिपर | मूल्यको ५ प्रतिशत |
| (ख) मोटरसाइकल प्रति थान | रु ६,०००।- |
| तर, कूटनैतिक नियोग तथा कूटनैतिक सुविधा प्राप्त व्यक्ति, दमकल, एम्बुलेन्स र शव वाहनलाई यस्तो दस्तुर लाग्ने छैन । स्पष्टीकरण : यस दफाको प्रयोजनका लागि "मूल्य" भन्नाले आन्तरिक खरीदको हकमा मूल्य अभिवृद्धि कर सहितको विजक मूल्य र पैठारीको हकमा भन्सार महशुल, अन्तःशुल्क, मूल्य अभिवृद्धिकर तथा भन्सार विन्दुमा लाग्ने सवै प्रकारका दस्तुर र शुल्क समावेश भएको मूल्य सम्झनु पर्छ । | |
| (ख) सवारी साधन कर | |
| १. निजी सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछ :- | |

| सवारीको किसिम | |
|---|---|
| (क) कार, जिप, भ्यान, माइक्रो बस | वर्षिक कर दर |
| (अ) १००० सी. सी. सम्म | रु.१६,५००।- |
| (आ) १००१ देखि १५०० सी.सी. सम्म | रु.१८,०००।- |
| (इ) १५०१ सी.सी. देखि २००० सी.सी. सम्म | रु.२०,०००।- |
| (ई) २००१ सी.सी. देखि २९०० सी.सी. सम्म | रु.२७,५००।- |
| (उ) २९०१ सी.सी. देखि माथि सवै | रु.४४,०००।- |
| (ख) (१) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन, जस्ता, मेशीनरी उपकरण<br>(२) मिनीटिपर | रु २६,०००।-<br>रु.१६,०००।- |
| (ग) अटो रिक्सा, थ्री ह्वीलर,टेम्पो, ट्रेक्टर र पावलर टिलर | |
| (अ) अटो रिक्सा, थ्री ह्वीलर र टेम्पो | रु.४४००।- |
| (आ) ट्रेक्टर | रु.२८००।- |
| (इ) पावर टिलर | रु.२३००।- |
| (घ) मिनीट्रक/मिनीबस | रु.१४,३००।- |
| (ङ) ट्रक/बस | रु.२२,०००।- |
| (च) मोटर साइकल | |

| | |
|---|---|
| | |
| (अ) १२५ सी.सी. सम्मको | रु.२,०००।- |
| (आ) १२६ सी.सी. देखि २५० सी.सी. सम्म | रु.३,५००।- |
| (इ) २५१ सी.सी. र सो देखि माथि | रु.५,०००।- |
| २. भाडामा दर्ता भएका सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछ : - | |
| सवारीको किसिम | |
| (क) कार, जिप, भ्यान, माइको बस | वार्षिक कर दर |
| (अ) १३०० सी.सी. सम्म | रु.५,०००।- |
| (आ) १३०१ सी.सी. देखि २००० सी. सी. सम्म | रु.६,०००।- |
| (इ) २००१ सी.सी. देखि २९०० सी. सी. सम्म | रु.७,५००।- |
| (ई) २९०१ सी.सी. देखि ४००० सी. सी. सम्म | रु.९,६००।- |
| (उ) ४००१ सी.सी. र सो भन्दा माथि सवै | रु.११,८००।- |
| (ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर,क्रेन,जस्ता मेशीन उपकरण | रु.१२,५००।- |
| (ग) अटोरिक्सा, थ्री ह्वीलर, टेम्पो, इन्धनको प्रकार अनुसार वार्षिक कर दर | |
| (अ) अटोरिक्सा, थ्री ह्वीलर, टेम्पो, | रु.२,९००।- |
| (आ) ट्रेक्टर | रु.१,४५०।- |
| (इ) पावर टिलर | रु.१,१५०।- |
| (घ) मिनीट्रक,मिनीबस | रु.८,२००।- |
| (ङ) ट्रक,बस | रु.१०,६००।- |

| | |
|---|---|
| ३. | तपसीलमा उल्लेख भएका सवारी साधनहरुलाई भाडामा दर्ता भएका सवारी साधनमा लाग्ने सरह कर लाग्नेछ :-<br>(क) नेपाल सरकारको नाउँमा दर्ता भएका,<br>(ख) मुनाफा गर्ने उद्देश्य नभएको नेपाल सरकारबाट स्वीकृती प्राप्त सामाजिक, धार्मिक वा शिक्षण संस्थाका नाउँमा दर्ता भएका,<br>(ग) गाउँ विकास समिती, नगरपालिक र जिल्ला विकास समितीको नाउँमा दर्ता भएका |
| ४ | विद्युतिय माध्यमद्धारा सञ्चालित सवारी साधनमा सवारी साधन कर लाग्ने छैन । पेट्रोलियम पदार्थ बाहेक अन्य इन्धनद्वारा सञ्चालन हुने सवारी साधनमा माथि दफा १ र २ बमोजिम लाग्ने सवारी साधन करमा २० प्रतिशत छुट हुनेछ । |
| ५ | शुरु पैठारी मितिले १ वर्ष भन्दा कम अवधि भएमा दामासाहीले सवारी साधन कर कट्टा गरिनेछ । तर व्यापार मौज्जातमा रहेका सवारी साधनमा यस्तो कर लाग्ने छैन । |
| ६ | सावरी साधन विग्रेको वा अन्य कुनै कारणबाट सो सवारी साधन चलाउन नपाएको भनी नेपाल सरकारले ठहऱ्याएको कुनै व्यक्ति वा संस्थाको नाममा दर्ता भएको सवारी साधनलाई सवारी साधन कर लाग्ने छैन । |

| | |
|---|---|
| ७ | काठमाण्डौ उपत्यकामा सञ्चालन भएका उत्पादनका मितिले १५ वर्ष भन्दा पुराना सवारी साधनहरुलाई लाग्ने सवारी साधन करमा १५ वर्ष भन्दा बढीको प्रत्येक वर्षका लागि पाँच प्रतिशतका दरले थप गरी सवारी साधन कर लाग्नेछ । तर यस्तो थप गरिएको रकम उक्त सवारी साधनको लागि तोकिएको कर रकमभन्दा बढी हुने छैन । |
| ८ | भाडाका बस, मिनीवस तथा माइक्रोवसका सवारी साधनहरुले लाग्ने सवारी साधन करमा विद्यार्थीलाई सहुलियतको रुपमा भाडामा छुट दिए वापत तिर्नु पर्ने करमा साठी प्रतिशत छुट पाउनेछन् । |
| ९ | जुनसुकै सवारी साधनका धनीले चाहेमा लाग्ने सवारी साधन कर प्रचलित दरका आधारमा एकमुष्ठ रुपमा पाँच वर्षसम्मका लागि एकैपटक भुक्तानी गरी नविकरण गराउन सक्नेछन् । यसरी अग्रिम रुपमा पाँच वर्षको सवारी साधन कर एकमुष्ट बुझाई नविकरण गराएमा लाग्ने सवारी साधन करमा दश प्रतिशत छुट हुनेछ । |
| १० | सार्वजनिक संग्रहालयमा प्रदर्शनीका लागि राखिएका वीस वर्ष भन्दा पुराना सवारी साधनलाई वार्षिक तिर्नुपर्ने सवारी साधन कर लाग्ने छैन । |
| ११ | दफा १ र २ मा जुनसुकै कुरा लेखिएको भए तापनि दमकल, एम्बुलेन्स तथा सववाहनलाई सवारी साधन कर लाग्ने छैन । |
| १२ | विद्युत, सोलार वा व्याट्रिबाट चल्ने सवारी साधनमा सडक निर्माण तथा सम्भार दस्तुर पचास प्रतिशत छुट हुनेछ । |
| १३ | रु वीस लाखभन्दा बढीको सवारी साधन खरीद गर्दा सम्बन्धित सवारी साधन क्रेताले एकाउन्ट पेयी चेक (Account Payee Cheque) बाट मात्र विक्रेतालाई रकम भुक्तानी गर्नुपर्नेछ । |
| १४ | यस अध्यादेशमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि अपाङ्गहरुले प्रयोग गर्न मिल्ने गरी बनाईएका १५० सी.सी. सम्मका स्कुटरमा सवारी साधन कर र सडक निर्माण तथा सम्भार दस्तुर लाग्ने छैन । |